# दुग्ध क्षेत्र विकासका लागि ग्रिन टु ह्वाइट कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०/०६/१४

**प्रस्तावनाः** दानामा आधारित गाईभैंसी पालन पद्दतिलाई घाँसमा आधारित गाईभैंसी पालन पद्दतिमा रुपान्तरण गरी दूध उत्पादन लागत घटाउँदै गाईभैंसीपालन व्यवसायलाई नाफामूलक व्यवसायका रुपमा स्थापित गरी प्रदेशलाई दूधमा आत्मनिर्भर बनाउन दुग्ध क्षेत्रको विकास गर्ने उद्देश्यले मन्त्रालयले प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी **"दुग्ध क्षेत्र विकासका लागि ग्रिन टु ह्वाइट कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०"** बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"दुग्ध क्षेत्र विकासका लागि ग्रिन टु ह्वाइट कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"आवेदक"** भन्नाले यस कार्यक्रममा प्रस्ताव पेश गर्न योग्य कृषक समूह/ कृषि सहकारी/निजी फार्मलाई सम्झनु पर्छ ।

(ख) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ग) **"कृषक समूह"** भन्नाले सम्बन्धित निकायमा दर्ता भई गाईभैंसी पालन वा दूध सङ्कलन, प्रशोधन वा वितरण कार्य गरिरहेको समूह सम्झनुपर्छ।

(घ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(च) **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(छ) **"सहकारी"** भन्नाले दूध सङ्कलन, प्रशोधन तथा वितरण कार्यमा संलग्न दुग्ध उत्पादक सहकारी, बहुउद्देश्यीय सहकारी, साना किसान सहकारी तथा कृषि सहकारी संस्था सम्झनुपर्छ।

(ज) **"साझेदार संस्था"** भन्नाले कार्यक्रम/कृयाकलापको लागि छनौटमा परी कार्यालयसँग सम्झौता गरेका आवेदक संस्था सम्झनु पर्छ ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

३. **प्रस्ताव आह्वानः** कार्यालयले स्वीकृत कार्यक्रममा सहभागी हुन आवेदक संस्थाहरुलाई लक्षित गरी २१(एक्काइस) दिनको म्याद राखी अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नु

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

पर्नेछ । माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा कार्यालयले पुनः १५(पन्ध्र) दिनको समय सीमा राखी १(एक) पटकको लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्नु पर्नेछ।

४. <u>प्रस्ताव दर्ता:</u> कार्यक्रममा सहभागी हुन सम्बन्धित कार्यक्रमको मापदण्ड वा शर्तहरु पूरा गरेका इच्छुक आवेदकले दफा ३ मा उल्लिखित समय सीमा भित्र अनुसूची-३ बमोजिमको कागजातहरु संलग्न राखी अनुसूची-४ बमोजिम संक्षिप्त कार्ययोजना, अनुसूची-५ अनुसारको प्रतिवद्धता पत्र सहित अनुसूची-२ को ढाँचामा आवेदन दर्ता गर्नु पर्नेछ ।

५. <u>प्रस्ताव मूल्याङ्कन तथा स्थलगत प्रमाणीकरण:</u> (१) प्राप्त भएका प्रस्तावहरुको प्रारम्भिक मूल्याङ्कन गरी कार्यालयमा स्वीकृतिका लागि सिफारिस गर्न सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहनेछ । मूल्याङ्कन समितिले अनुसूची-६ बमोजिमको ढाँचामा स्थलगत प्रमाणीकरण गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसार गठित समितिले आवश्यक ठानेमा बढीमा २(दुई) जनासम्म विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) कार्यालयले अनुसूची-७ बमोजिमका मूल्याङ्कनका आधारहरुमा विस्तृतीकरण गरी प्रस्तावहरुको मूल्याङ्कन गर्नेछ।

६. <u>प्रस्ताव छनौटको जानकारी:</u> कार्यालयबाट स्वीकृत प्रस्ताव बारे जानकारी दिन र छनौट सम्बन्धी निवेदन/गुनासो दर्ता गर्न ७(सात) दिनको समय सीमा राखी आशयको सूचना प्रकाशन गरिनेछ ।

७. <u>सम्झौता:</u> (१) कार्यालयले छनौट भएका आवेदकहरुसँग १५ (पन्ध्र) दिन भित्र अनुसूची-१० बमोजिम सम्झौता गर्नुपर्नेछ ।

(२) तोकिएको अवधिभित्र सम्झौता हुन नसकेमा कार्यालयले योग्यता क्रमको आधारमा छनौट हुने आवेदकसँग सम्झौता गर्नेछ।

## परिच्छेद-३

## <u>कार्यक्रम सञ्चालन प्रकृया</u>

८. <u>ग्रिन टु ह्वाइट सेन्टर छनौट:</u> कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रको बढीमा तीन वटा स्थानीय तहहरु सम्मिलित ग्रिन टु ह्वाइट सेन्टर छनौट गरी तोकिएको अवस्थामा बाहेक उक्त सेन्टर भित्र कार्यक्रम लागू गर्नेछ ।

९. <u>छनौट समिति:</u> (१) दफा ८ बमोजिमको ग्रिन टु ह्वाइट सेन्टर छनौटको लागि जिल्लामा देहाय अनुसारको छनौट समिति रहनेछ:-

(क) प्रमुख, जिल्ला समन्वय समिति -संयोजक

(ख) जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति -सदस्य

(ग) प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र -सदस्य

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(घ) प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, कृषि ज्ञान केन्द्र -सदस्य

(ङ) योजना शाखा प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र -सदस्य सचिव

(२) दफा ९ को उपदफा (१) बमोजिम छनौट समितिले आवश्यक ठानेमा २(दुई) जनासम्म विषय विज्ञको रुपमा बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) छनौट समितिले गाईभैंसीको संख्या, घाँस खेतीको अवस्था र विस्तारको सम्भावना, पशुपालनका लागि आवश्यक पूर्वाधारको अवस्था लगायतका प्राविधिक विषयहरुलाई आधार मानी ग्रिन टु ह्वाइट सेन्टर छनौट गर्नेछ ।

१०. कृयाकलापहरु सञ्चालन सम्बन्धी व्यवस्थाः यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने कृयाकलापहरुको शर्त र मापदण्ड अनुसूची-८ बमोजिम हुनेछ।

## परिच्छेद-४

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

११. भुक्तानी प्रक्रियाः (१) वार्षिक स्वीकृत कार्यकमको बजेट परिधि भित्र रही अनुसूची- ८ बमोजिम क्रियाकलापहरुको शर्त र मापदण्ड अनुसारको कार्यक्रम सञ्चालनको लागि प्रोत्साहन रकम प्रदान गरिनेछ ।

(२) सम्बन्धित साझेदारले सम्झौता अनुसारको कार्य सम्पन्न प्रतिवेदन (भौतिक संरचनाको हकमा), बिल, भर्पाइ, सम्बन्धित वडाको सिफारिस, अनुसूची-९ बमोजिमको स्वघोषणा र अन्य आवश्यक कागजातका साथ भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी मनासिब ठहरेमा प्रोत्साहन रकमको २(दुई) प्रतिशत कन्टिन्जेन्सी र नियमानुसार कर कट्टा गरी हुन आउने रकम साझेदारको बैंक खातामा भुक्तानी गर्नेछ ।

(३) कार्यालयले कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि कम्तिमा जे.टि.ए उत्तीर्ण गरेको १(एक) जना नेपाली नागरिकलाई सामाजिक परिचालकका रुपमा करार सम्झौता गरी नियुक्त गर्न सक्नेछ ।

## परिच्छेद-५

## विविध

१२. सार्वजनिक सूचना पाटी सम्बन्धी व्यवस्थाः प्रोत्साहन रकम प्राप्त गर्ने साझेदार संस्थाले अनुसूची-११ बमोजिमको सार्वजनिक सूचना पाटी कार्यक्रम सञ्चालन स्थलमा टाँस गर्नु पर्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

१३. <u>बाधा अड्काउ फुकाउने</u>: यस प्रक्रियालाई, आवश्यकता अनुसार मन्त्रालयले संशोधन र परिमार्जन गर्न सक्नेछ ।आर्थिक दायित्वको विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालय राय/सहमति लिई संसोधन गरिनेछ ।

१४. <u>कारबाहीको व्यवस्था:</u> साझेदारले सम्झौता बमोजिम प्रोत्साहन रकम लिई दुरुपयोग गरेमा प्रदेश सरकारबाट प्राप्त प्रोत्साहन रकम प्रचलित ऐन कानुन बमोजिम सरकारी बक्यौता सरह असुल उपर गर्नेछ ।

१५. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस प्रक्रियामा उल्लेख भएका बुँदाहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

<u>प्रस्ताव आह्वानको सूचनाको ढाँचा</u>

प्रथम पटक प्रकाशित मितिः ... ... ... ... ... ... ...

... ... ... *(कार्यालयको नाम)* ... ... ... ... आ.व. ... ... ... ... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ... ... ... *(कार्यक्रमको नाम)* ... ... अन्तर्गतका तपसिलका कृयाकलापहरु सञ्चालन गर्न इच्छुक कृषक समूह/ सहकारी/ निजी फार्मले यो सूचना प्रकाशित मितिले तिस (३०) दिनभित्र रु. दश(१०) को हुलाक टिकट टाँसी पशुपन्छी तथा **"दुग्ध क्षेत्र विकासका लागि ग्रिन टु ह्वाइट मोडल कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०"** को अनुसूची-३ अनुसारका कागजातहरु संलग्न राखी अनुसूची-२ बमोजिमको ढाँचामा ... ... ... ... *(कार्यालयको नाम)* ... ... ... ... मा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन ।

तपसिलः

| क्र.सं | कृयाकलाप | एकाई | परिमाण | कार्यालयको प्रति एकाई अधिकतम प्रोत्साहन रकम रु | आवेदक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-२

(दफा ४ सँग सम्बन्धित)

आवेदनको ढाँचा

मिति : ... ... ... ... ...

श्रीमान् कार्यालय प्रमुख ज्यू,
... ... ... ... ... ... ... ... ... ... ... ... ... ।

विषयः प्रस्ताव पेश गरिएको बारे ।

महोदय,

तहाँ कार्यालयको मिति ... ... ... ... ... ... ... मा ... ... ... ... ... ... ... ... राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार "... ... ... ... ... ... ... ... ... ... ... ... ... कार्यक्रम" अन्तर्गत तपसिलका कृयाकलापहरु सञ्चालन गर्न इच्छुक भएकोले आवश्यक कागजातहरु संग्लग्न राखी यो निवेदन पेश गरेको छु/ छौं ।

तपसिलः

कृयाकलापहरु

१. .................................
२. .................................

संग्लग्न कागजातहरुः

१. ... ... ... ... ... ... ... ... ...,
२. ... ... ... ... ... ... ... ... ...,

औंठा छाप

| दाँया | बाँया |
|---|---|
| | |

आवेदकको

नामः

पदः

ठेगानाः

संस्थाको

नामः

संस्थाको छापः

सम्पर्क नं. :



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

## अनुसूची-३

### (दफा-४ सँग सम्बन्धित)

### आवेदन पत्र साथ संलग्न गर्नुपर्ने कागजातहरु

१) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,

२) कृषक समूह/ सहकारी/ निजी फार्म दर्ता र PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि,

३) गत आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा अन्य कुनै प्रमाणित कागज (सहकरी संस्थाक हकमा)

४) कृषक समूह/ सहकारी संस्थाको हकमा कार्यक्रमा सहभागिता सम्बन्धी बैठक निर्णयको प्रतिलिपि,

५) जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएकोको खण्डमा सूचना प्रकाशनको मितिले कम्तीमा ५(पाँच) वर्षको करार अवधि कायम रहेको सम्झौता पत्र,

६) कार्यक्रममा सहभागी गराई दिने सम्बन्धी सम्बन्धित स्थानीय तहको सिफारिस,

७) अनुसूची-४ बमोजिमको कार्य योजना,

८) अनुसूची-५ बमोजिमको प्रतिवद्धता-पत्र,

९) कृषक समूह/ सहकारी संस्थाले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र,

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-४

(दफा ४ सँग सम्बन्धित)

## कार्यक्रमको संक्षिप्त कार्ययोजना

१. आवेदक संस्थाः

१.१ आवेदक संस्थाको नाम तथा ठेगानाः

| | | |
|---|---|---|
| आवेदक संस्थाको नाम | : | |
| ठेगाना | : | |
| संस्था दर्ता भएको मिति र निकाय | : | |
| सम्पर्क व्यक्तिको नाम र पद | : | |
| सम्पर्क नं. | : | |
| इमेल | : | |
| कार्यकम हुने स्थान | : | |

१.२ संचालक समिति/ कार्य समिति पदाधिकारीहरुको नामावलीः

| क.स. | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

१.३ सम्बन्धित क्षेत्रमा तालिम/अनुभव

| क.स. | नाम | लिङ्ग | तालिम | | |
|---|---|---|---|---|---|
| | | | तालिमको विषय | तालिम अवधि | तालिम दिने निकाय |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रस्ताव पेश गर्ने बारे संचालक समितिको निर्णय र निर्णय मितिः

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

साधारण सदस्य संख्याः (क) पुरुष ... ... ... ... (ख) महिला ... ... ... ...

शेयर सदस्य संख्याः (क) पुरुष ... ... ... ... ... (ख) महिला ... ... ... ... ...

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

१.३ स्थापना कालका कियाकलापहरु: ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

१.४ हालका क्रियाकलापहरु: ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

१.५ हाल सम्म सम्पन्न मुख्य मुख्य कार्यहरु: ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

२. पशुपालनको अवस्थाः

| क्र. स. | पशु प्रजाति | हाल पालिरहेको संख्या | कार्यक्रम पश्चात पालिने संख्या (प्रस्तावित) | कैफियत |
|---|---|---|---|---|
| १. | | | | *पशुपन्छीको शारीरिक अवस्था (बाच्छा/ बाच्छी आदि) अनुसार छुट्टाछुट्टै उल्लेख गर्नुपर्ने)* |
| २. | | | | |
| ३. | | | | |

३. जग्गा सम्बन्धी विवरणः

| क्र.स. | जग्गा धनीको नाम | जग्गाको क्षेत्रफल | कित्ता नं. | कैफियत |
|---|---|---|---|---|
| (क) | भौतिक संरचना | | | |
| | | | | |
| | | | | |
| (ख) | घाँस खेती | | | |
| | | | | |
| | | | | |

४. रोगजारीको अवस्था(संचालक/ कार्य समिति बाहेक):

| क्र.स. | पद | शैक्षिक योग्यता | महिला/ पुरुष | सम्बन्धित क्षेत्रमा कार्य अनुभव |
|---|---|---|---|---|
| हालको रोजगारीको अवस्था | | | | |
| | | | | |
| | | | | |
| कार्यक्रम सञ्चालन पश्चात थप रोजगारीको अवस्था | | | | |
| | | | | |
| | | | | |
| | | | | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

५. चरन क्षेत्र, मेशिनरी औजार तथा नविनतम प्रविधिको प्रयोगः

(क) चरन क्षेत्र र घाँसखेतीको क्षेत्रफलः ... ... ... ... ... ... ... ... ... ... ... ...

- प्रमुख घाँसका जातहरुः ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(ख) सञ्चालनमा आएका मेशिनरी औजारहरुः ... ... ... ... ... ... ... ... ... ... ... ...

(ग) नविनतम प्रविधिको प्रयोगः ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

६. वर्तमानको समस्याहरुः ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(उत्पादन तथा बजारीकरणसँग जोडिएका समस्याहरु उल्लेख गर्न सकिने छ ।)

पहिचान भएका समस्याहरुको समाधानका लागि बनाईएका योजनाहरुः

| क्र.स. | समस्याहरु | हाल गरिएका पहल | समस्या समाधानका लागि बनाइएका योजनाहरु |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

७. कार्यक्रमबाट हासिल हुने अपेक्षित प्रतिफलः

| क्र. स. | क्रियाकलापको नाम | आधार रेखा (हालको अवस्था) | कार्यक्रम सञ्चालन पछिको अपेक्षित प्रतिफल | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेस्रो वर्ष | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |

*नोटः प्रस्तावित कार्यक्रम अनुसार मेल खाने र भए/गरेका क्रियाकलापहरु मात्र उल्लेख गर्नु पर्ने*

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

८. उत्पादित वस्तुको बजारीकरणको योजना:

| क.स. | उत्पादित बस्तु | उत्पादन परिमाण | उत्पादित बस्तुको बजार | खरिद कर्ता सँग भएको सम्झौता | बजारीकरणको योजना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

९. आवेदकले स्वलगानी गर्न चाहेको खण्डमा रकमको सुनिश्चितता (आवेदकले लगानी गर्ने):

| क.स. | आवेदकले लगानी गर्ने रकम | रकम प्राप्ति श्रोत | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

आर्थिक प्रस्तावः

| क.स. | क्रियाकलाप | इकाई | परिमाण | प्रोत्साहन रकम | स्वलगानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-५

(दफा-४ सँग सम्बन्धित)

प्रतिवद्धता-पत्र

श्रीमान् कार्यालय प्रमुख ज्यू,

... ... ... *(कार्यालयको नाम)* ... ... ...

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ... ... ... ... ... ..., का दिन ... ... ... ... पत्रिकामा प्रकाशित सूचना अनुसार ... ... ... ... ... ... ... ... स्थित ... ... ... ... ... ... ... ... ... ले ... ... ... ... ... ... ... ... ... ... ... कार्यक्रम अन्तर्गत ............(क्रियाकलापको नाम)......प्रस्ताव पेश गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिवद्धता व्यक्त गर्दछु/ छौं । यदि यस प्रतिवद्धतामा उल्लिखित कुनै कुरा झुठो पाइएमा प्रचलित कानून बमोजिम सजायको भागीदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/ छौं ।

तपसिलः

१. विगत २ वर्षमा यस कार्यालय/निर्देशनालय वा अन्य कुनै सरकारी निकायबाट समान प्रकृतिको कार्यक्रमको लागि कुनै प्रकारको प्रोत्साहन वा सुविधा लिएको छैन ।

२. कुनैपनि वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा परेको छैन ।

औंठा छाप

| दायाँ | बाँया |
|---|---|
| | |

आवेदकको

नामः

पदः

ठेगानाः

संस्थाको छापः

सम्पर्क नं. :

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-६

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

स्थलगत प्रमाणीकरण प्रतिवेदन ढाँचा

कार्यक्रमको नामः

आवेदक संस्थाको र ठेगाना :

स्थलगत प्रमाणीकरण मितिः

१. भौतिक पूर्वाधारको अवस्थाः

| भौतिक पूर्वाधार | भए (√) / नभएको (x) | कैफियत |
|---|---|---|
| बाटो | | |
| बिजुली | | |
| पानी | | |
| बजार सुबिधा | | |
| ... ... ... ... ... ... ... ... ... ... ... | | |

२. चरन तथा घाँस खेतीको अवस्थाः

| विवरण | चरन क्षेत्र | घाँस खेती |
|---|---|---|
| मुख्य घाँसका जातहरु | | |
| घाँस खेती क्षेत्रफल | | |
| जग्गाको स्वामित्व | | |

३. पशुपालन तथा उत्पादनको अवस्थाः

| पशु प्रजाति | पशु संख्या | | | | दूध उत्पादन बिक्रि |
|---|---|---|---|---|---|
| | दुहुना | ब्याउने | बाच्छा/ बाच्छी | साढे/ राँगो | |
| गाई | | | | | |
| भैंसी | | | | | |

४. प्रयोग भईरहेका मेशिनरी औजार/ उपकरणहरुः

| नाम | संख्या |
|---|---|
| | |
| | |



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | |
|---|---|
| | |

५. भौगोलिक हिसाब उपयुक्तता भए/ नभएको: ... ... ... ... ... ...

६. गोठसम्बन्धी विवरण (कच्ची/पक्की, क्षेत्रफल, आदि)

७. गोठमा जैविक सुरक्षाका विधिहरु अवलम्बनको अवस्था (गोठको सरसफाई, मलमूत्रको व्यवस्थापन, निसंक्रमण, बारबन्देज, पशुहरुको नियमित खोप, आदि)

८. संस्थाले गरेका नविनतम कार्यहरु: ... ... ... ... ... ... ... ... ... ... ... ...

९. स्थलगत निरीक्षण टोलीको राय:

छनौटका लागि सिफारिस गर्न उपयुक्त रहेको/ नरहेको: ... ... ... ... ... ...

१०. स्थलगत निरीक्षण गर्ने पदाधिकारीहरुको विवरण:

| नाम | पद | कार्यरत कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-७

(दफा-५ सँग सम्बन्धित)

<u>प्रस्ताव मुल्याङ्कनका आधारहरु</u>

कार्यक्रमको नामः

आवेदक संस्थाको नाम र ठेगानाः

मितिः

मूल्याङ्कनः

| क्र.स. | सूचक | अधिकतम अंक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १ | आवेदकको प्रकार | ५ | | लाभान्वित वर्गलाई आधार मान्ने |
| २ | प्राविधिक उपयुक्तता | ३० | | प्राविधिक दृष्टिकोणले उपयुक्त/भौतिक पुर्वाधार आदिलाई आधार मानिने |
| ३ | नविनतम प्रतिधिहरु | १५ | | जैविक सुरक्षा/ असल पशुपालन/ घाँसको जातहरु आदि |
| ४ | कार्य अनुभव | १० | | तालिम तथा संस्था स्थापनाको अवधि |
| ५ | पशुपन्छी/मत्स्य/घाँसको खेती अवस्था | ३० | | संख्या/ हेक्टर/ बार्षिक उत्पादन र विक्रीलाई आधार मानिने |
| ६ | कार्ययोजना | १० | | कार्यक्रमको आवश्यकता तथा औचित्यता |
| जम्मा | | १०० | | |

*नोटः मूल्याङ्कन समितिले अनुसूची-७ मा उल्लेख भएका मूल्याङ्कनका सूचकलाई आधार मानी थप विस्तृतीकरण गरी कार्यालयबाट स्वीकृत गराई मूल्याङ्कन गर्न सक्नेछ ।*

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडा, नेपाल

अनुसूची-८

(दफा १० सँग सम्बन्धित)

कार्यक्रम अन्तर्गत संचालन हुने कृयाकलापहरुको शर्त र मापदण्ड

| क सं | कृयाकलाप | संचालन गर्न सकिने कार्यहरु | मापदण्ड | बजेट | सञ्चालन गर्ने संस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पशु आहाराको पौष्टिक गुण सुधार तथा अभिवृद्धि कार्यक्रम | परालको उपचार (Physical, Chemical)<br>हे, साइलेज, हेलेज, TMR, UMMB खरिद | आवेदक:कृषक समूह/कृषि सहकारी/निजी फार्म आवेदकले कम्तीमा ५ वटा दुहुना गाई पालेको हुनु पर्ने | कृयाकलापको लागि विनियोजित बजेट अनुसार लागतको ५०% साझेदारी हुने गरि | साझेदार संस्था | ग्रिन टु ह्वाइट सेन्टर भित्र लागु हुने |
| २ | प्रविधि अनुशरण तथा प्रसार | च्यापकटर खरिद, TMR मेशिन खरिद, गोबर प्रशोधन गर्ने उपकरण खरिद, साइलो पिट निर्माण तथा अन्य आवश्यक उपकरणहरु | आवेदक:कृषक समूह/कृषि सहकारी/निजी फार्म आवेदकले कम्तीमा ५ वटा दुहुना गाई पालेको हुनु पर्ने | मेशिनसरी खरिदको हकमा विनियोजित बजेट अनुसार लागतको ५०% साझेदारी तथा भौतिक निर्माणको लागि लागतको ८०% साझेदारी हुने | | ग्रिन टु ह्वाइट सेन्टर भित्र लागु हुने |



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | कृषकको सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम | कृषकहरुलाई पशु आहारा व्यवस्थापन सम्बन्धी ३ दिने सीपमूलक तालिम | - | बढीमा १.२५ लाख | कार्यालय | आवश्यकता अनुसार ग्रिन टु ह्वाइट सेन्टर बाहेकका व्यवसायिक कृषकलाई समेट्न सकिने |
| | | कृषकहरुलाई स्वच्छ दूध उत्पादन र दुग्ध पदार्थ सम्बन्धी ३ दिने तालिम | - | बढीमा १.२५ लाख | | |
| | | अध्ययन तथा अवलोकन भ्रमण | - | बढीमा २.५० लाख | | आवश्यकता अनुसार ग्रिन टु ह्वाइट सेन्टर बाहेकका व्यवसायिक कृषक, कृषि पत्रकार, सरोकारवाला निकायका प्रतिनिधिहरलाई समावेश गर्न |



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | सकिने |
| ४ | दूधको गुणस्तर वृद्धि कार्यक्रम | दूध उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरणसँग सम्बन्धित उपकरण वितरण टिट डिपिङ्ग, थुनेलो परीक्षण सामाग्री खरिद | आवेदकः कृषक समूह/कृषि सहकारी/निजी फार्म | १० लाख | साझेदार संस्था | ग्रिन टु ह्वाइट सेन्टर भित्र लागु हुने |
| ५ | पशु आहारा आत्मनिर्भर कार्यक्रम | हिउँदे/वर्षे/बहुवर्षीय घाँसको विउ/वेर्ना वितरण | लक्ष्यः ४० हेक्टर | बढीमा ८ लाख | कार्यालय | ग्रिन टु ह्वाइट सेन्टर वा सो भन्दा बाहेक पनि सञ्चालन गर्न सकिने |
| | | क्षेत्रफलमा आधारित घाँसे बाली विकास तथा विस्तारका लागि प्रोत्साहन कार्यक्रम | आवेदकः कृषक समूह/कृषि सहकारी/निजी फार्म<br>एकाईः हेक्टर | हिउँदे घाँसको लागिःप्रति हेक्टर रु २० हजार<br>बहुवर्षीय घाँसको लागिः प्रति हेक्टर रु ४० हजार | साझेदार संस्था | ग्रिन टु ह्वाइट सेन्टर वा सो भन्दा बाहेक पनि सञ्चालन गर्न सकिने |



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
श्री दुग्ध, पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मकै खेतीमा प्रोत्साहन | आवेदकः कृषक समूह/कृषि सहकारी/निजी फार्म | प्रति हेक्टर रु ३०००० | साझेदार संस्था | सिन्धुली, धादिङ्ग, दोलखा र नुवाकोटमा लागु नहुने |
| | | घाँसको स्रोत केन्द्र स्थापना | आवेदकः निजी फार्म<br>परिमाणः१<br>मापदण्डः घाँस खेतीको लागि न्युनतम १ हेक्टर जग्गा उपलब्ध हुनु पर्ने<br>जग्गा लिजमा लिएको हकमा सूचना प्रकाशनको मितिले कम्तीमा ५ वर्षको लिज अवधि बाँकी रहेको हुनु पर्ने | बढीमा ३ लाख वा लागतको ५०% साझेदारी हुने गरि | साझेदार संस्था | ग्रिन टु ह्वाइट सेन्टर भित्र लागु हुने |



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-९

(दफा-१३ सँग सम्बन्धित)

स्व-घोषणा पत्र

श्रीमान् कार्यालय प्रमुख ज्यू,

... ... ... *(कार्यालयको नाम)* ... ... ...

प्रस्तुत विषयमा तहाँ कार्यालयसँग मिति ... ... ... ... ... ..., का दिन ... ... ... (कृयाकलापको नाम)... ... ... लागि भएको द्विपक्षीय सम्झौता बमोजिमका सबै कार्यहरु सम्पन्न गरी मैले/हामीले भुक्तानीको लागि निवेदन पेश गरेका छौं। भुक्तानीका लागि मैले/हामीले पेश गरेका विल भर्पाई लगायतका सबै कागजातहरु ठिक साँचो हुन्। यदि झुठो ठहर भएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/ छौं ।

औंठा छाप

| दायाँ | बाँया |
|---|---|
| | |

आवेदकको

नामः

पदः

ठेगानाः

संस्थाको छापः

सम्पर्क नं. :

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

वागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडा, नेपाल

अनुसूची-१०

(दफा-७ सँग सम्बन्धित)

## द्विपक्षीय सम्झौता पत्र

आर्थिक वर्ष ... ... ... ... ... मा सञ्चालन हुने ... ... ... ... ... ... कार्यक्रमका लागि ... ... ... *(कार्यालयको नाम)* ... ... ... (यसपछि प्रथम पक्ष भनिने) र छनौट भएका ... ... ... पालक साझेदार संस्था ... ... ... ... ... ... ... ... ... ... (यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तानामाहरुको अधीनमा रही कार्यक्रम सञ्चालन गर्न द्विपक्षिय सम्झौता गरी एक/ एक प्रति बुझि लियौं/ दियौं ।

तपसिलः

१. प्रथम पक्षले ... ... ... ... ... ... ... कार्यक्रम सञ्चालनका लागि इस्टिमेट गरिएको रकम रू. ... ... ... ... ... ... (अक्षेरुपी रुपैयाँ ... ... ... ... ... ... ... ... ... ... ... ..) को कार्य सम्पन्न भए पछि ... ... ... *(कार्यालयको नाम)* ... ... ... बाट उपलब्ध गराइने प्रोत्साह रकम रु. ... ... ... ... (अक्षेरुपी ... ... ... ... ... ... ... ... ... ... ... ...) को २(दुई) प्रतिशत कन्टिनजेन्सी कट्टी गरी हुन आउने रकम रु. ... ... ... ... ... (अक्षेरुपी रुपैयाँ ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...) मा नियमानुसार कर कट्टी पश्चातको रकम दोश्रो पक्षलाई बैंक खाता मार्फत भुक्तानी गर्नेछ ।

२. दोश्रो पक्षले तपसिल अनुसारका क्रियाकलापहरु मिति ... ... ... ... ... भित्र कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

| क.स. | क्रियाकलाप | इकाई | परिमाण | प्रोत्साहन रकम | स्वलागानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३. दोश्रो पक्षले सम्झौता अनुसारको कार्य सम्पन्न गरेपछि सम्बन्धित प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिबेदन (भौतिक संरचनाको हकमा), बिल, भर्पाइ, सम्बन्धित वडाको सिफारिस र अन्य आवश्यक कागजातका साथ भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी मनासिब ठहरेमा नियमानुसार प्रथम पक्षले भुक्तानी गर्नेछ ।

४. दोश्रो पक्षले पशु/ मत्स्य बीमा गरी बीमा अभिलेख प्रथम पक्षलाई पेश गर्नु पर्नेछ ।

५. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन/ निरीक्षण गरी सम्झौता मुताविक कार्य भए/ नभएको आधारमा आवश्यक सल्लाह/ सुझाव दिन सक्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

६. दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको चौमासिक प्रगति उपलब्धी एंव कारोवार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

७. दोस्रो पक्षले सम्झौता अनुरुप कार्य नगरेमा प्रथम पक्षले प्रोत्साहन रकम भुक्तानी गर्ने छैन ।

८. दोस्रो पक्षले कार्यक्रम अधुरो छाडी प्रोत्साहन रकम दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले प्रोत्साहन रकम प्रचलित ऐन कानुन बमोजिम सरकारी बाँकी बक्यौता सरह असुल उपर गर्नेछ ।

९. कार्यक्रम सञ्चालनको दौरानमा कुनै विषय हेरफेर वा परिमार्जन गर्नु पर्दा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

**प्रथम पक्षको तर्फबाटः**

हस्ताक्षरः

नामः

पदः

निर्देशनालयको छाप

**दोश्रो पक्षको तर्फबाटः**

हस्ताक्षरः

नामः

पदः

संस्थाको छापः

**रोहवरः**

हस्ताक्षरः

नामः

पदः

कार्यालयको छापः

**रोहवरः**

हस्ताक्षरः

नामः

पदः

संस्थाको छापः

इति सम्बत् ... ... ... ... साल ... ... ... महिना ... ... गते रोज ... ... शुभम्।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-११

(दफा-१४ सँग सम्बन्धित)

**<u>सार्वजनिक सूचना पाटीको ढाँचा</u>**

(साइजः ५ फिट ४ फिट)

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**

... ... ... ... ... ... ...

कार्यक्रम/आयोजनाको नामः ... ... ... ... ... ... ...

आयोजना सञ्चालन गर्ने समूह/ सहकारी/ निजी फार्मको नामः ... ... ... ... ... ... ...

ठेगानाः ... ... ... ... ... ... ...

कार्यक्रम/ आयोजनाको कुल लागतः रु. ... ... ... ... ... ...

प्रोत्साहन रकमः रु. ... ... ... ... ... ...

साझेदार संस्थाको सहभागिताः रु. ... ... ... ... ... ...

आयोजना अवधीः ... ... ... ... ... ... देखि ... ... ... ... ... ... सम्म

लाभग्राही संख्याः महिला ... ... ... ... पुरुष ... ... ... ... ... कुल ... ... ... ... ...

दलित ... ... ... ... जनजाति ... ... ... ... अन्यजाति ... ... ... ... ...

*(द्रटब्य्यः सार्वजनिक सूचना पाटी फलामको फ्रेममा इनामेलको प्रयोग गरी लेखेको हुनु पर्नेछ ।)*

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री